**CDC Journal, Year 33, No. 47, August 2025, DOI: https://doi.org/10.3126/cdj.v33i47.83479**
**Received Date: October 4, 2024 Accepted Date: August 3, 2025**

# देवकोटाका कवितामा दलित चेतना

***रजनी ढकाल***
नेपाली केन्द्रीय विभाग, त्रिवि
*Orchid ID: https://orcid.org/0009-0002-4146-4373*
***Corresponding Email:*** *rajni.dhakal@cdn.tu.edu.np*

## लेखसार

*प्रस्तुत अध्ययनमा लक्ष्मीप्रसाद देवकोटाको कवित्वमा प्रकट भएको दलित चेतना र दलित सौन्दर्यको विश्लेषण गरिएको छ । यस अध्ययनमा कवि देवकोटालाई नेपाली समाजको सांस्कृतिक स्वरूपको बोध गर्दै सामाजिक न्याय र समतापूर्ण समाजको निर्माण गर्ने स्रष्टाका रूपमा चिनाइएको छ । देवकोटा मानवतावादी चिन्तन व्यक्त गर्ने लेखकका रूपमा अध्ययन गरिएको भए पनि उनका कवितामा दलित चेतनाको पक्षको खोजी नगरिएको सन्दर्भमा यस लेखमा देवकोटाका पाँचवटा कवितालाई प्राथमिक सामग्रीका रूपमा चयन गरी महिला सौन्दर्यको वर्णन, समतामूलक समाजको चाहना, दलितपनाको चित्रण, वर्चस्वको अभिव्यक्ति र प्रतिरोधी चेतनाका आधारमा देवकोटाको कवित्वमा रहेको दलित चेतनाको विश्लेषण गरिएको छ । यसका लागि पाठविश्लेषण विधिको प्रयोग गरिएको छ । यस लेखमा लक्ष्मी कविता सङ्ग्रहका 'एक सुन्दरी च्यामिनीप्रति', 'मातृभूमिको माटो रून्छ', 'सार्की', 'सिस्नोको गुनासो' र लक्ष्मी गीति सङ्ग्रहको 'दमाईँ दाइ' कवितामा व्यक्त भएको दलित जातिप्रतिको संवेदनशील अभिव्यक्तिलाई दलित चेतनाका विविध पक्षबाट अध्ययन गर्दा देवकोटालाई जातपातको विरूद्ध सामाजिक संचेतनाको सुरूआत गर्ने नेपाली समाजको रूपान्तरणका कवि रहेको निष्कर्ष निकालिएको छ । देवकोटाको दलित साहित्य चिन्तनमा भौतिकवादी चेतनाका साथै अन्याय अत्याचारका विरूद्ध अधिकार र मूल्यको खोजी, दलित अस्मिता र पहिचान, सामाजिक समानता एवम् दासत्व मुक्तिको चेतना प्रकट भएको निष्कर्ष पनि निकालिएको छ । यस लेखमा देवकोटालाई छुवाछुत र जातिवादका विरूद्ध प्रतिरोधी चेतना भएका कविका रूपमा चिनाइएको छ । देवकोटाका कविताले शासकीय वर्चस्वका विरूद्ध आवाज उठाएका छन् भन्ने निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जी :** छुवाछुत, जातिवाद, दलित चेतना, प्रतिरोध, वर्चस्व

## विषयपरिचय

लक्ष्मीप्रसाद देवकोटा (१९६६-२०१६) नेपाली समाज यहाँका विभिन्न जातजातिको संवेदना चित्रण गर्ने कवि हुन् । उनका कवितामा समाजको विविधता र व्यापकताको चित्रण पाइन्छ । नेपालको प्रकृति

र भूगोलको उदात्त सौन्दर्यका आलोकमा समाज र संस्कृतिको सुन्दर चित्रण गर्नु उनका कविताको मूल वैशिष्ट्य हो । उनले नेपाली संस्कृतिको मूल पक्ष वर्ग, लिङ्ग र जातिगत वैशिष्ट्यको बोध गर्दै तिनका बारेमा पर्याप्त कविता लेखेका छन् । समाजको तल्लो वर्ग गरिब, भिखारी, उत्पीडित जातजाति र जनजाति तथा उत्पीडनमा परेका महिलाको यथार्थको चित्रण उनका कवितामा पाइन्छ । उनी यस्ता समस्याको यथार्थ चित्रण मात्र नगरी तिनका भोगाइको आलोचनात्मक चित्रण पनि गर्छन् । संस्कृतिका सन्दर्भमा उनी मानवता र मनुष्यताको बोध गर्छन् र मनुष्यतालाई आफ्नो कविताको केन्द्रीय विचारधाराका रूपमा प्रस्तुत गर्छन् । मानव मात्रको हित र रक्षाका लागि उनी जीवनभर सिर्जनारत रहेका छन् र उनले नेपाली समाजमा विद्यमान विकृति, विसङ्गति र विभेदका विरूद्ध निरन्तर कलम चलाएका छन् । वर्ग र लिङ्गगत समस्या मात्र नभएर वर्णभेदी समाजको पहिचान र विभेदको बोध पनि उनका कवितामा पाइन्छ ।

नेपालमा रहेको वर्णवादी समाजका कारण सिर्जित जातीय विभेद, छुवाछुत, शोषण र अन्यायका विरूद्ध पहिलो चोटि सचेत रूपमा कविता लेख्ने कवि पनि देवकोटा नै हुन् । जातिप्रथाका नाममा मनुष्यले मनुष्यमाथि गर्ने शोषणलाई अन्यायका रूपमा चित्रण गर्ने कवि देवकोटाले आफ्ना कवितामा मानवतावाद र प्रगतिशीलताको खोजी गरेका छन् । प्रस्तुत लेखमा देवकोटामा व्यक्त जातिवाद विरोधी चेतनाको खोजी गर्ने कार्य गरिएको छ । प्रस्तुत लेखमा कवि देवकोटाको दलितप्रतिको धारणा र तिनका विषयमा प्रस्तुत चेतना के कस्तो रहेको छ भन्ने मूल समस्यामा केन्द्रित छ । कवि देवकोटाका विषयमा प्रशस्त अध्ययन भए पनि उनका कविताको दलित चेतनाको पक्षमा अध्ययन नभएको अवस्थामा यो विषय अध्ययनीय रहेको छ । देवकोटामा रहेको प्रगतिशील चेतनाले समाजका यस्ता विभेदका विरूद्ध चेतना निर्माण गर्ने काम उनले गरेका छन् । देवकोटाले कविताका माध्यमबाट देखाएको नेपाली समाजमा रहेको दमनको अवस्था र त्यसप्रतिको प्रतिरोधी चेतनाका लागि दलित महिलाको सौन्दर्य वर्णन, समतामूलक समाजको चाहना, वर्चस्वको अभिव्यक्ति र प्रतिरोधी चेतनाका पक्षबाट मात्र उनका कविताको अध्ययन यस लेखमा गरिएको छ । सोद्देश्य छनोटमा परेका उनका पाँचवटा कविताबाट प्राप्त सामग्रीको विश्लेषण गरी देवकोटा दलितपक्षीय चेतनाको निर्माण गर्ने कवि हुन् भन्ने विचार यस लेखमा प्रकट गरिएको छ ।

## अध्ययन विधि

प्रस्तुत अनुसन्धानका निम्ति देवकोटाका पाँचवटा कवितालाई प्राथमिक सामग्रीका रूपमा सङ्कलन गरिएको छ । यसका लागि *लक्ष्मी कविता सङ्ग्रहका* 'एक सुन्दरी च्यामिनीप्रति', 'मातृभूमिको माटो रून्छ', 'सार्की', 'सिस्नोको गुनासो' र *लक्ष्मी गीति सङ्ग्रहको* 'दमाईं दाइ' कविताको छनोट गरिएको छ । सामग्रीको सङ्कलन गर्दा यसमा सोद्देश्य नमुना छनोट पद्धति अवलम्बन गरिएको छ । यसरी सङ्कलित सामग्रीहरूबाट प्राप्त तथ्याङ्कको विश्लेषण र मूल्याङ्कन गरी सामान्यीकृत निष्कर्षसम्म पुग्नका निम्ति विभिन्न सैद्धान्तिक र प्रायोगिक समालोचनाका ग्रन्थहरूबाट द्वितीयक सामग्रीको सङ्कलन गरिएको छ । उपर्युक्त दुबै प्रकारका सामग्रीहरूको समुचित प्रयोग गरी देवकोटाका

कवितामा दलित चेतनाको विश्लेषण गर्न एउटा सैद्धान्तिक ढाँचा तयार पारिएको छ । दलित महिलाको सौन्दर्य वर्णन, समतामूलक समाजको चाहना, वर्चस्वको अभिव्यक्ति र प्रतिरोधी चेतनाका आधारमा पाठपरक विश्लेषण विधिको उपयोग गरी देवकोटाका कवितामा व्यक्त दलित चेतनाको खोजी गर्दै त्यसको निष्कर्ष निकाल्ने काम यस अध्ययनमा भएको छ ।

## दलित चेतनाको सैद्धान्तिक आधार

दलित साहित्यमा दलित चेतनालाई मूल प्रतिमानका रूपमा लिइने गरिन्छ । वस्तुतः दलित भनेको 'शोषित' वा 'दमित' भन्ने बुझिन्छ (चमनलाल, सन् २०१२, पृ. १४) । दलितको खास तात्पर्य 'कुल्चिएको', 'दबाइएको', 'पदाक्रान्त' नै हो र हिन्दु धर्ममा शूद्र भनिएको जातिलाई यसै अर्थमा लिइने गरिन्छ । यसका पर्याय शब्दहरु 'चाण्डाल', 'अस्पृश्य', 'अछुत' आदि हुन् । 'उपेक्षित', 'अपमानित', ' उत्पीडित', 'प्रताडित' आदि शब्द पनि यसै कोटिमा आउने शब्दहरु हुन् (चमनलाल, सन् २०१२, पृ. १४) । वास्तवमा सत्ता र शक्ति सम्बन्धका कारण पछि पारिएका मानिसहरूको समूह नै दलित हो । यस्तो जाति हिन्दु समाज व्यवस्था भएका प्रायः सबै क्षेत्रमा पाइन्छ र नेपालमा पनि मधेस, पहाड र उपत्यका तिनै स्थानमा दलितहरूको उपस्थिति, अस्तित्व र पहिचान रहेको छ ।

यही दलित भनिएको जातिका सन्दर्भमा साहित्यमा दलित चेतनाको जन्म भएको हो । दलित चेतना दलितमाथि हुने अन्याय, अत्याचार र शोषणका विरूद्धको चेतना हो । हिन्दु वर्ण व्यवस्थामा रहेका चार वर्णहरु ब्राह्मण, क्षत्री, वैश्य र शूद्रमध्ये शूद्र दलितमा पर्दछ । हिन्दु समाजमा केही वर्चस्वशाली र सत्तामा रहेका वर्ग र समुदायले कमजोर र अक्षम समुदायमाथि हैकम जमाई तिनलाई सीमान्तकृत बनाएको अवस्था नेपाली समाजमा आज पनि देखिन्छ । उच्च जातका भनिनेहरूले दलितलाई आज पनि अछुतको व्यवहार गरेका छन् (नेपाली, सन् २०२४, पृ.६-७) । यस परम्पराले माथिल्लो भनिएको वर्णलाई राज्यसत्ता सञ्चालन गर्ने, आचार संहिता बनाउने र कथित र तल्लो भनिने शूद्रलाई न्यून प्रकारको बनाएर तिनमाथि शासन गर्ने कार्य गऱ्यो (बागुल, सन् २००३, पृ. २४) । यसको मूल संरक्षक पनि धर्मसत्ता (शासक) बन्यो र यसले आफ्नो स्वार्थको रक्षाका लागि मनुष्यतालाई तिरस्कार र बहिष्कार गऱ्यो । यसले 'सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः, सर्वे भद्राणि पश्यन्तु माकश्चिद् दुःखभाग्जनः' जस्तो परम्परामा रहेको मानवतावादी स्वरको सट्टा महान् सांस्कृतिक मान्यताका नाममा जातीय विभेदको सुरूवात गऱ्यो (शर्मा, सन् २०१३, पृ. ३१) । यसरी जातीय विभेदका क्रममा एउटा जाति अछुत र अस्पृश्य हुने, ऊ अवसर, साधन, शिक्षा, स्वास्थ्य र सामाजिक व्यवहारबाट समेत बहिष्करणमा पर्ने समस्याका कारण यस जातिका पक्षमा न्यायपूर्ण आवाज उठाउने र सिर्जनामा त्यसको प्रतिविम्बन हुनै पर्ने अवस्था सिर्जना भयो । २०२० सालमा लागु भएको मुलुकी ऐनले छुवाछुतको अन्त्य गरे पनि नेपाली समाजमा आजसम्म पनि सो विभेदको अन्त्य व्यवहारतः हुन सकेको छैन (चलाउने, सन् २०२२, पृ. ८७) । बहिष्कारका विरूद्धको सामाजिक सांस्कृतिक चेतनाबाट नै समाजमा न्याय स्थापित हुने हुँदा सीमित जातीय वर्चस्व र विचारधाराका विरूद्ध दलित चेतनाको विकास भएको हो ।

दलित चेतना वर्ण व्यवस्थाका विरूद्धको चेतना हो । यो सङ्र्ष, शिक्षा, सङ्गठन, साहित्यका माध्यमबाट आत्मसम्मान, स्वाभिमान र समाजमा आमूल परिवर्तन ल्याउने वैचारिक चेतना पनि हो (लिंबाले, सन् २००१, पृ. १२) । समाजमा विद्यमान मूलधार भनिएको साहित्यको विपरीत साहित्यधारा र चेतनाका रूपमा पनि यसलाई लिइन्छ र आन्दोलनकै रूपमा पनि यसलाई स्वीकार गरिन्छ (लिंबाले, सन् २००१, पृ. १०३) । यसमा दलितका व्यथा, वेदना, प्रश्न र प्रतिरोधको चित्रण गरिन्छ (चमनलाल, सन् २०१२, पृ. २८) । यस्तो चेतना भौतिकवादी, समता, स्वतन्त्रता, न्याय र प्रेमको सामाजिक मूल्यलाई कलारूप दिइएको अध्ययेताहरूले जीवनवादी सौन्दर्य मूल्यलाई दलित चेतनाका रूपमा चिनाएका छन् । परम्परामा विद्यमान वर्ण द्वेष, शत्रुता, तिरस्कारको सट्टा प्रेम, बन्धुत्व, समता, भ्रातृत्व जस्ता कुराको खोजी नै दलित चेतना हो र साहित्यमा यो कसरी व्यक्त हुन्छ भन्ने कुराबाट नै यसको सही पहिचान हुन्छ ।

दलित साहित्य दलित लिखित वा दलितका बारेमा लिखित साहित्य हो । यसको चेतना भनेको नै वैषम्य र अपमानको अनुभूतिमा आधारित संवादलाई व्यक्त गर्नु हो (चतुर्वेदी, सन् २०१३, पृ. १२७) । यसमा दलित चेतनाका रूपमा स्थानीय दलित बोध, दलित यथार्थ, दलित सङ्घर्ष, विचारधारा र अन्तर्विरोध जस्ता विषय आउँछन् । दलितको सामाजिक जातिगन्ध, साहित्यका नाममा निर्माण भएको सार्वभौमको अन्त्य, दलितको विशिष्ट अनुभव, दलितप्रति हुने सामाजिक आचार व्यवहार, भेदभाव, उचनिच, छुवाछुत जस्ता पक्षको विरोधको स्वर नै दलित चेतनाको मूल स्वर हो (चतुर्वेदी, सन् २०१३, पृ. १२८) । दलित साहित्यको मूल स्वरूप नै दलित संचेतना हो र दलित हुनु र त्यसका विरूद्ध प्रतिरोध गर्नु यसको केन्द्रीय स्वर हो । यस दृष्टिले यसमा तत्कालीन समयको वास्तविकताको बोध पनि हुन्छ, प्रतिरोध पनि हुन्छ र वास्तविकताकै आधारमा रूपान्तरणकारी चेतनाको निर्माण पनि हुन्छ । यसमा श्रम, सङ्घर्ष, परिवर्तन, पक्षधरता र नयाँ साहित्यिक र सौन्दर्यमूल्यको खोजी हुन्छ (बडत्या, सन् २०१० : १४०) । यसरी समाजमा विद्यमान वर्गीय र वर्णीय शोषण र विभेदको अन्त्य गरेर समता र न्यायको चेतना प्रवर्द्धन गर्नु नै दलित चेतनाको मूल वैचारिक पक्ष हो ।

## परिणाम र विमर्श

लगभग अढाइ दशकको कवितायात्रामा देवकोटाले दलित विषयक कविता अति थोरै मात्र लेखेका छन् । देवकोटाको काव्ययात्राको पछिल्लो चरण (२००४-२०१६) मा विकसित क्रान्तिकारी चेतनाकै कारण देवकोटामा सामाजिक सांस्कृतिक संचेतनाको विकास भएको पाइन्छ । ब्राह्मण पुत्र हुनु र ब्राह्मणवादी विचारधारामा हुर्कनुका कारण पनि देवकोटाले प्रारम्भिक चरणमा दलितबारे कुनै चिन्तन गरेको पाइन्न । त्यति भएर पनि जातिवाद विरूद्धको चेतना उनले *मुनामदन* (१९९१) बाट नै प्रस्तुत गरेका छन् । 'मानिस ठुलो दिलले हुन्छ जातले हुँदैन' भन्ने देवकोटाले आफ्ना कविता र काव्यमा जनजातिको चित्रण पर्याप्त मात्रामा गरेको भए पनि दलित पक्ष र विषय भने समावेश भएको पाइन्न । देवकोटाका कविता र गीति कवितामा चाहिँ दलित सरोकारका विषय आएका छन् ।

यस अध्ययनमा चयन गरिएका पाँचवटा कवितामा देवकोटाका कवितामा व्यक्त दलित चेतनाको विश्लेषण गरिएको छ ।

## महिलाको सौन्दर्य वर्णन

देवकोटाका कवितामा महिला सौन्दर्यको वर्णन पाइन्छ । उनले कर्मशील महिलाको सौदर्यलाई बढी महत्त्व दिएका हुन्छन् । यसबाट उनमा रहेको प्रगतिशील सोच स्पष्ट हुन्छ । 'एक सुन्दरी च्यामिनीप्रति' कविताबाट देवकोटाले काठमाडौँको नेवारी समाजकी दलित महिलाको सौन्दर्य गायन गर्दै जात र कर्मका सन्दर्भबाट दलित चेतनालाई प्रस्तुत गरेका छन् । शीर्षक हेर्दा महिलाको सौन्दर्यको मात्र चित्रण गरिएको अनुभूति भए पनि 'एक सुन्दरी च्यामिनीप्रति' कविताले सौन्दर्यको परम्परागत परिभाषालाई चुनौती दिएको छ । यस कवितामा च्यामिनी शब्दले काठमाडौँमा दलित समुदायकी महिलालाई बुझाउँछ । हिन्दु परम्परामा कथित माथिल्लो भनिएका जातका महिला मात्र सुन्दरी हुने र तिनको सौन्दर्यको वर्णन गर्ने गरिएको पाइन्छ । यस कवितामा देवकोटाले च्यामिनी (दलित महिला)लाई सौन्दर्यको कसीमा हेर्दै परम्परागत रूपमा दलितहरू फोहरी हुन्छन् भन्ने कुरामा व्यङ्ग्य गरेका छन् । धर्म र मन्दिरले दलितलाई उपेक्षा गरेको तत्कालीन समाजको अवस्थाप्रति व्यङ्ग्य गर्दै कवि भन्छन् :

क्या गिज्यायौ धर्म, मन्दिर
अन्ध बार
यस्तो दिव्य व्यङ्ग्य पाएँ
आज मैले,
एक बार ! (पृ. ३४)

धर्म र मन्दिरले मानवीयताको संरक्षण गर्नुपर्नेमा उल्टै मानिसको गरिबी र निरीहपनप्रति व्यङ्ग्य गरेकोमा कविलाई आपत्ति जनाएका छन् । देवकोटाले सुन्दरी च्यामिनीका सन्दर्भबाट नेपाली समाजको जातीय विभेदको पक्षलाई पहिचान गरेका छन् । उनी भन्छन् :

ढुङ्ग फोर्‍यो फूल-जराले फक्रिन
समाजको यो चट्टान टुक्रँदो पक्रिन ! (पृ. ३४)

समाजमा चट्टान झैँ रहेको जातिप्रथालाई फोड्ने सन्दर्भमा च्यामिनीको सौन्दर्य सन्दर्भको रूमानी भाव व्यक्त गरेका देवकोटामा उदात्तता र समताको उच्च चेतना पनि व्यक्त भएको छ । उनी भन्छन् :

अछुतता धोयो गजबसँग
जुग पखाली
जातिकी ए तीर्थ ! छुन्छ्यौ
स्वजन उचाली । (पृ. ३५)

सौन्दर्यका सन्दर्भबाट अछुततालाई हेर्ने र जातिकी तीर्थका रूपमा चित्रण गर्ने देवकोटाले दलित महिलाको सौन्दर्यका सन्दर्भबाट दलितमाथि घृणा गर्नेहरूलाई व्यङ्ग्य गरेका छन् । अछुतताको मुक्तिबाट युग स्वच्छ हुने र अस्पृश्यता हरेर मात्र धर्म प्राप्त हुने सन्देश उनले सुन्दरीको सौन्दर्यका सन्दर्भबाट व्यक्त गरेका छन् ।

## समतामूलक समाजको चाहना

देवकोटा क्रान्तिकारी कवि हुन् । उनको कवि चेतना समता र न्यायको खोजीमा निरन्तर क्रियाशील थियो र त्यही क्रममा उनले दलित विषय सन्दर्भलाई पनि समता र न्यायका कोणबाट प्रस्तुत गरेका छन् । समताविरोधी समाजलाई पापी ठहर्याउँदै 'सार्की' कवितामा उनी लेख्छन् :

ए रे मखमल सेज मुलायम !
आधा घण्टा देऊ टायम,
निम्ता मान
यो चिथराको, चोक चराको
गन्ध कुटीमा छाती चिराको,
व्यक्त अजान !
उडुसहरूसँग सोध त केही
निज मानवताको नापी !
समाज, व्यक्ति कुन हो पापी ? (पृ. २२७)

यसरी शोषकरूपी उडुसका कारण मानवता हराएको र त्यसले अन्याय सिर्जना भएको धारणा प्रस्तुत गरी जातीय आधारमा न्याय र समता कायम गर्नु पर्ने मान्यता देवकोटाको छ । अन्याय र गरिबीले नाजुक भएका मानवप्रति कवि पूर्ण सहानुभूतिशील छन् ।

समाजमा विभेद र अन्याय छ र मान्छेका बीचमा पनि भेद छ । एउटै निर्मिति मान्छे मान्छेको यो भेदमा एउटा शोषक र अर्को शोषित बनेको कुरालाई देवकोटाले 'दमाईँ दाइ' गीतमा यसरी वर्णन गरका छन् :

ईश्वरको मूर्ति मान्छे, मान्छे गर्छ हेला,
एउटै मासु, एउटै रगत, एउटा आर्को पेला । (पृ. ४)

मान्छेले मान्छेलाई नै सिर्जना गरेको विभेदप्रति कविमा गहिरो असन्तुष्टि रहेको छ । उस्तै रगत भएर पनि एउटाले अर्काप्रति गर्ने व्यवहार कविलाई स्वीकार्य छैन ।

त्यसैगरी 'सार्की' कवितामा उनी लेख्छन् :

मलको थुप्रो सडक किनार
ज्ञानी गुनीको चल्दछ धार
दृगमा दिल खै ?
मानवताको गीत हजार !
धर्मपथमा प्रेम प्रसार (पृ. २२६-२२७)

देवकोटा मानवताका सन्दर्भबाट समाजमा समता र न्यायको खोजी गर्छन् । उनका कवितामा समाजमा समता स्थापनाका लागि समन्याय चाहिने र त्यसका लागि मानवता र मनुष्यता आवश्यक पर्ने कुरा व्यक्त गरेका छन् । उनले 'सार्की' र 'दमाइँ दाइ'मा पनि मानवताकै सन्दर्भबाट समताको खोजी गरेका छन् ।

## दलितपनाको चित्रण

दलित पहिचान र चेतनाको मूल पक्ष दलितपन र दलित जीवनको यथार्थ भन्ने बोध हुन्छ । देवकोटाले आफ्ना कविताको शीर्षक नै 'च्यामिनी', 'सार्की', 'दमाइँ' जस्ता जातिवाचक नाम प्रयोग गरी दलितपना वा पहिचानको प्रस्तुति गरेका छन् । नेपाली समाजमा 'च्यामे', 'सार्की', 'दमाइँ' दलित जातीय प्रतिनिधि हुन् र नामबाट नै उनीहरूले दलितपना प्रस्तुत गरेका हुन्छन् । विषयवस्तुका दृष्टिले पनि देवकोटाका कवितामा दलित पहिचान व्यक्त भएको छ । देवकोटा 'सार्की' कविताको प्रारम्भमा नै दलितपनालाई यसरी व्यक्त गर्छन् :

नाली तलतिर छिडीमा रीप
अन्धकारको मूल समीप
दीप जहान
कीटाणु जगतमा कनिका-टीप
सडल चर्ममा राख्छन् सीप,
थामन प्राण,
विष्णुमतीमुनि अनर्गन
करवीर चिताले पुस्तौँ दाबी
समाज, व्यक्ति कुन हो पापी ? (पृ. २२६)

यसरी अँध्यारामा बस्ने, छालाको काम गर्ने र फोहारमा बस्न बाध्य पहिचान बनाएका जाति नै सार्की / दलित भएको कुरा देवकोटाका कवितामा व्यक्त भएको छ । यसरी नै सधैँ श्रम गर्ने तर रोगी, उत्पीडित जातिका रूपमा उनले दलितलाई चिनाएका छन् । 'सार्की' कवितामा उनी लेख्छन् :

> श्रम बाङ्गे हर, कुप्री निरन्तर
> ढुसी मुखमा, सूज खुट्टीभर
> दम, खाँसी ।
> क्वारकर्ति निशिभर, ढुङ्ग थिरभर,
> किरण विना क्वै, उदरप्रति डर (पृ. २२७)

'सिस्नोको गुनासो' कवितामा दलित पहिचानका बारेमा उनी लेख्छन् :

> रोप्दछ कसले ? हेर्दछ कसले ?
> अछूत जातको नित अपयशले
> निन्दित, बर्जित, त्यक्त कुनामा
> फस्टिरहेछु विष नमूनामा
> परित्यक्त जिमीमै जडले समात्यो
> परूष वचनले छाती फाट्यो ! (पृ. २२३)

देवकोटाले 'दमाईँ दाइ' गीति कवितामा लेखेका छन् :

> कुक्कुर चुम्छन् मानिस, थुक्छन् हाम्लाई दमाईँ दाइ
> लात्तीले नै फुटबल झैँ फँकेर (पृ. ४) ।

'मातृभूमिको माटो रून्छ' कविता देवकोटाको निम्न वर्गीय जीवनको चित्रण गरिएको कविता हो । मानव उत्पत्ति र विकासका सन्दर्भमा उसले गरेको प्रकृतिसँगको सङ्घर्षको गायन गर्दै लेखिएको उनको यस कवितामा कसरी जमिनको विभाजनसँगै शोषणको प्रारम्भ भयो भन्ने कुराको चित्रण गरिएको छ । यसै क्रममा उनले दलितलाई तल्लो स्तरको, मैलो, नरक जस्तै पीडा भोग्न विवश तथा श्रमजीवी मनुष्यका रूपमा चित्रण गरेका छन् । दलितलाई चिनाउँदै उनी यस कवितामा लेख्छन् :

> दलित सनातन, ज्वलित सनातन
> स्तर स्तर तल्ला
> कृमिका मैला सहबासी
> मरिरहेछन् काम गरी, गरी
> यस युगका ती उपवासी ।
> एक नरकको खल्तीभित्र जुत्ता गाँसी
> लकडी ताछी
> रोई, हाँसी
> सियो निकासी, माटो छाँसी
> मखमाटीले गर्धन मासी
> एक हवाले तिनको अन्तर चीत्कारहरूको

कसले सुन्छ ? कसले रून्छ ?
मातृभूमिको माटो रून्छ । (पृ. १९२-१९३)

यस कविताको प्रस्तुत अंशमा कविले दलित पहिचानको सुन्दर चित्रण गरेका छन् ।
यसरी दलित जीवनको यथार्थलाई प्रस्तुत गर्दै दलित चेतनालाई व्यक्त गर्ने काम देवकोटाका कवितामा भएको छ ।

## वर्चस्वको अभिव्यक्ति

दलित चेतनाको प्रस्तुतिको आधारका रूपमा ब्राह्मणवाद कसरी प्रकट भएको छ भन्ने कुरालाई पनि हेरिन्छ । देवकोटाका कवितामा ब्राह्मणवादकै कारण दलितलाई पछि पारिएको कुरा स्पष्ट रूपमा व्यक्त भएको छ । 'एउटी सुन्दरी च्यामिनीप्रति' कवितामा उनी लेख्छन् :

ए पुरोहित हो ! नछोओ !
पिउ रे सुस्त !
तिम्रा पाषाण मूर्ति चिरी यी
विभूति मुस्किन
व्यङ्ग्य मस्त (पृ. ३५)

यसरी 'पुरोहित' परम्पराको ब्राह्मणवादमाथि च्यामिनीको सौन्दर्य सन्दर्भबाट ब्राह्मणवादमाथि नै प्रश्न उठाएका देवकोटाले ब्राह्मणवादको शास्त्रमाथि पनि प्रहार गरेका छन् । उनी लेख्छन् :

छोइदेउ सारालाई
एकछत्तै
मोहनी हे कीरा झल्लर
शास्त्र पारी
सबै बिपत्तै (पृ. ३५)

देवकोटा जातिप्रथालाई फोहर र नालीका रूपमा देख्छन् र त्यसका विरूद्ध कुचो लाउनै पर्ने चेतना व्यक्त गर्छन् । 'एउटी सुन्दरी च्यामिनीप्रति' कविताको अन्त्यमा उनी लेख्छन् :

मोहनी ! लेऊ कुचो
सडक बढार,
मानव जित्छ ! नाली जित्छ
यत्ति प्रसार (पृ. ३६) ।

जातिप्रथाका नाउँमा समाजमा विद्यमान विभेदको अन्त्य गर्न केही न केही प्रयत्न गर्नै पर्ने दृढता यहाँ व्यक्त भएको छ । यसैगरी 'दमाईँ दाइ' गीति कवितामा देवकोटाले मन्दिर, ईश्वर, स्वर्ग सबै भ्रम भएको र तिनले हिन्दु जातिवादलाई नै बचाएको मान्यता प्रस्तुत गरेका छन् । उनी लेख्छन् :

सुनको मन्दिर, ढुङ्गे ईश्वर, धर्म गाँजी सन्की
अचाक्ली नै भयो हाम्लाई हाम्रा हक छन् कि ? (पृ. ५)

यहाँ मन्दिर, धर्म र ईश्वर पनि दलितका पक्षमा नरहेको सन्दर्भ आएको छ । देवकोटाले यहाँ समताभावमा भाँजो हालेर मनपतरीतन्त्र चलाउने कथित ब्राह्मण र त्यतिखेरका शासक राणाहरूप्रति समेत तीव्र प्रहार गरेका छन् (चापागाईँ, २०६८, पृ. ३५) । यसरी परम्परागत हिन्दु धर्म र त्यसले रक्षा गरेको एकपक्षीय जातको वर्चस्वका विरूद्धको चेतना देवकोटाका कवितामा सचेत रूपमा व्यक्त भएको छ ।

## प्रतिरोधी चेतना

देवकोटाका दलित चेतना व्यक्त भएका सीमित कवितामा प्रतिरोधी चेतना पाइन्छ । यस्तो प्रतिरोध भएका उनका 'एउटी सुन्दरी च्यामिनीप्रति', 'मातृभूमिको माटो रून्छ', 'सार्की', 'सिस्नोको गुनासो' तथा 'दमाईँ दाइ' गरी पाँचवटै कवितामा व्यक्त भएको पाइन्छ । 'एउटी सुन्दरी च्यामिनीप्रति' कवितामा उनको प्रतिरोध ब्राह्मणवादका विरूद्धमा छ । च्यामिनीको सुखलाई उनले सौन्दर्य सन्दर्भका माध्यमबाट हेरेका छन् र दलित विजयको शुभकामना पनि व्यक्त गरेका छन् । कवि लेख्छन् :

तिम्रो सुख हो विजय अद्भूत
एक झलकले कुइरो फार
सुन्दर नै जिउँदो सुधार हो,
विश्व-द्योतक एक जुहार हो,
हृदयस्पर्शी युग पुकार
आँखा मिचून सब
गन्धे झारका फूल सेखी
झार ! झार ! (पृ. ३५-३६)

प्रतीकात्मक रूपमा हिन्दुवादी सामाजिक सत्ताका विरूद्ध प्रतिरोधको चेतना यस अंशमा पाइन्छ । विजय नै दलित महिलाको सुख हो र कुहिरो फाटेर आउने सौन्दर्यको तात्पर्य सुधार संचेतना हो भने युग अनुसार आँखा मिचेर गन्धे झाररूपी जातिवादको सेखी झार्नु पर्ने दलित चेतना यस कवितामा पाइन्छ । 'सार्की' कवितामा कविले दलितलाई अघि बढ्न आह्वान गरेका छन् । उनी भन्छन् :

तम-वासी
हुनु मानिसकन के हो भन्ने
अनुभव केवल च्यापी
निस्क त मानिस !
मानिस तिमीले मर्नुपर्थ्यो
शिरमा भुङ्ग्रो थापी
समाज, व्यक्ति, कुन हो पापी ? (पृ. २२७)

दलितले समाजमा विचारसहित उठ्नु पर्ने, अन्यायका विरूद्ध बाहिर निस्कनु पर्ने र शिरमा भुङ्ग्रो थापेर पनि लड्न तयार हुनुपर्ने सन्देश यस कवितामा पाइन्छ । कविले हेपिएका वर्गलाई सचेत हुन र निडर हुन प्रेरित गरेका छन् ।

देवकोटाले 'दमाईँ दाइ' गीति कवितामा देशको दशा र दुर्दशाको चित्रण गर्दै देशको अवस्था देखेर आफू चिन्तित भएको कुरा प्रस्तुत गरेका छन् । यस कवितामा उनले दलित हकको चित्रण गरेका छन् । उनी लेख्छन् :

अचाक्ली नै भयो हाम्लाई हाम्रा हक छन् कि ?
सडेका कपडा, कुहेका चमडा, रगत सुक्यो दमाईँ दाइ (पृ. ५) ।

सामाजिक तहमा सधैँ तल पारिएका र सीमान्तकृत भएर बाँच्न बाध्य भएका मानिसका पीडापूर्ण अवस्था यहाँ वर्णित छ । 'दमाईँ दाइ' गीति कवितामा अझै संवेदित भएर कविले लेख्छन् :

मान्छे सडाई मान्छे खान्छ झिँगा जस्तो भन्की
देख्दाखेरी मेरो कन्चट त्यसै आउँछ रन्की
जसले चुस्छ त्यै गुरू रे त्यसकै तिमी चेला
भएन है अझ किन ? आँखा खोल्ने बेला ? (पृ. ४)

यहाँ कविले मान्छेकै रूपमा व्यवहार नगर्ने सामाजिक व्यवहारलाई स्वीकार नगर्न र त्यसको विरोध गर्न प्रेरित गरेका छन् । सहनु पनि अन्यायलाई प्रश्रय दिनु हो भन्ने विचारसहित कविले दलित भनिएका जातिलाई उठ्न आग्रह गरेका छन् । देवकोटाको दलित चेतनाको महत्त्वपूर्ण स्वर प्रतिरोधी चेतना हो । त्यसैले उनका कवितामा मान्छेमाथि दमन गर्नेहरूप्रति घृणा छ र चुसाहाप्रति तीव्र विरोध छ । मानवतावादी चिन्तन प्रवल रहेका देवकोटाका कवितामा राजनीतिक सचेतता र आर्थिक न्यायप्रतिको संवेदनशीलता छ (पौडेल, सन् २०२१ sahityasagar.net) । यस कवितामा पनि उनले चुस्नेलाई गुरू (माथिल्लो तह) र चुसिनेलाई चेला (तल्लो तह) मान्ने तहगत संरचनाले बनाएको सामाजिक शोषणका विरूद्ध जागृत हुनुपर्ने सन्देश व्यक्त गरेका छन् । समाजमा विद्यमान वर्गीय विभेदप्रति कविको असहमति छ ।

## निष्कर्ष

देवकोटा समाजसचेत कवि हुन् । सामाजिक न्यायको स्थापनाका लागि उनका कविता मानवतावादी उदात्त दृष्टिकोण बोकी अगाडि बढेका छन् । नेपाली समाजमा दलितप्रतिको अमानवीय व्यवहार कवि देवकोटालाई सह्य छैन भन्ने कुरा उनका कविताले पुष्टि गर्दछन् । दलितप्रति अत्यन्त कठोर र सङ्कुचित रहेको समाजमा उनले कविताबाट दलितप्रति न्याय गर्न आवाज उठाएका छन् । नेपाली समाजमा अहिले दलितप्रति गरिने विभेदी व्यवहार कानुनका विरूद्ध हो तर पनि समाजमा चेतनाको निर्माण अत्यन्त सुस्त रूपमा भएको छ । देवकोटाले धेरै पहिले यस्ता स्वर निकाल्ने कविका रूपमा स्थापित भएका छन् । साहित्यको लेखन सामाजिक न्यायको स्थापनाका लागि हो भन्ने चेतना कवि देवकोटामा रहेको छ । जातपातको विरूद्ध सामाजिक संचेतनाको सुरूवात गर्ने देवकोटा नेपाली समाजको रूपान्तरणका कवि हुन् । उनी नेपालको वर्णाश्रमभेद, लिङ्गभेद र जातिभेदलाई नेपाली समाजको शत्रुका रूपमा लिन्छन् । जातीय विभेद र छुवाछुतलाई विरोध गर्ने क्रममा उनका दलित चेतनासम्बन्धी कविता आएका छन् । यहाँ विश्लेषण गरिएका उनका पाँचवटै कवितामा दलितप्रति गरिने गरिएका विभेद र ती विभेदबाट उत्पन्न संवेदनासँगै प्रतिरोधी आवाजको अभिव्यक्ति रहेको छ । 'च्यामिनी', 'सार्की', 'दमाईं' जस्ता जातिवाचक नाम प्रयोग गरेर देवकोटाले तत्कालीन नेपाली समाजले दलितमाथि गर्ने हेपाहा सम्बोधनलाई चिनाउँदै त्यस्ता व्यवहारको आलोचना गरेका छन् । उनले नेपाली समाजको सांस्कृतिक स्वरूप बोध गर्दै सामाजिक न्याय र समतापूर्ण समाजको निर्माण गर्नुपर्ने सन्देश कवितामा व्यक्त गरेका छन् । कवितामा दलितका विषय लिनु, तिनका संवेदनालाई उठाउनु, सामाजिक विभेदप्रति आलोचनात्मक र व्यङ्ग्यपूर्ण दृष्टिकोण राख्नु र असंवेदनशील समाजलाई सचेत बनाउन प्रतिरोध गर्नु देवकोटाको दलित चेतनाको मूल उपलब्धि हो । महिला हुनु, गरिब हुनु अनि दलित समेत हुनुले एउटी महिलामाथि कतिसम्मको शोषण हुनसक्छ भन्ने सङ्केत उनका कविताले गरेका छन् । दलित हुनु ईश्वरीय वा धार्मिक कुरा नभई मानवीय कुरा हो । जसरी दलित साहित्य भौतिकवादी हुन्छ त्यसरी नै देवकोटाको दलित साहित्य चिन्तनमा भौतिकवादी चेतना पाइन्छ । त्यसरी नै अन्याय अत्याचारका विरूद्ध अधिकार र मूल्यको खोजी, दलित अस्मिता र पहिचान, सामाजिक समानता एवम् दासत्व मुक्तिको चेतना उनका कवितामा प्रकट भएको पाइन्छ । लक्ष्मीप्रसाद देवकोटा दलित चेतनाका कोणबाट सचेत र प्रगतिशील चेतना भएका कवि हुन् ।

## सन्दर्भ सामग्रीसूची

चतुर्वेदी, जगदीश्वर .(सन् २०१३). *साहित्य का इतिहास दर्शन.* अनामिका पब्लिसर्स् एन्ड डिस्डिब्युटर्स् ।

चमनलाल .(सन् २०१२). *दलित साहित्य : एक मूल्याङ्कन.* राजपाल एन्ड सन्ज ।

चापागाईं, निनु. .(२०६८). *दलित सौन्दर्यशास्त्र र साहित्य.* साझा प्रकाशन ।

देवकोटा, लक्ष्मीप्रसाद .(२०३३). *लक्ष्मी कविता सङ्ग्रह.* साझा प्रकाशन ।

देवकोटा, लक्ष्मीप्रसाद .(२०४८). *लक्ष्मी गीति सङ्ग्रह.* (दोस्रो संस्क.) साझा प्रकाशन ।

पौडेल, हेमनाथ .(सन् २०२१). देवकोटाको कवितायात्रा, प्रवृत्ति र योगदान. *साहित्यसागर.* https://sahityasagar.net/2021/07/2081/

बडत्या, सुरज .(सन् २०१०) *सत्ता संस्कृति और दलित सौन्दर्यशास्त्र.* अनामिका पब्लिसर्स् एन्ड डिस्डिब्युटर्स् ।

बागुल, बाबुराव .(सन् २००३) दलित साहित्य : उद्देश्य और वैचारिकता. *भारतीय दलित साहित्य परिप्रेक्ष्य* (सम्पा. पुन्नी सिंह, कमला प्रसाद र राजेन्द्र शर्मा). वाणी प्रकाशन ।

लिंबाले, शरणकुमार. .(सन् २००१) *दलित साहित्य का सौन्दर्यशास्त्र.* वाणी प्रकाशन ।

Chalaune, B. S. (2022). Evolution of Caste System: How are Nepali Dalits Left Behind in Education?. *Scholars' Journal*, 77-93.

Nepali, G. (2024). Politics of Marginalization: How Caste Affects Political Career of Dalits in Nepal. *Dhaulagiri Journal of Sociology and Anthropology*, 38-47.

Sharma, S. (2013). *Sociology of literature*. Rawat Publications.